# कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टीम परिचालन अन्तरिम निर्देशिका, २०७७

(स्वीकृत मिति: २०७७ बैशाख ३० गते)

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टीम परिचालन अन्तरिम निर्देशिका, २०७७

## १.सन्दर्भः

कोभिड-१९ महामारी रोकथाम तथा ब्यवस्थापनमा स्वास्थ्य क्षेत्रको आपतकालिन योजनाले मार्ग निर्देशन गरे अनुरूप संकास्पद, संभावित र पुष्टी भएका बिरामीहरूको केश अनुसन्धान र निजका कन्ट्याक्टमा आएका व्यक्तिहरूको खोज पडताल गर्न हरेक स्थानीय तहहरूमा प्राविधिक जनशक्ति रहेको टीम गठन गरि परिचालन गर्न यो निर्देशिका जारी गरिएको छ।

## २.मार्ग निर्देशनहरूः

१. टीम गठन सम्बन्धमाः प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा केश अनुसन्धान तथा कन्ट्याक्ट खोजपडताल टीम (Case Investigation and Contact Tracing Team - छोटकरीमा CICTT) गठन गर्नु पर्नेछ । प्रत्येक टीममा एक-एक जना जनस्वास्थ अधिकृत (जनस्वास्थ्यमा कम्तिमा स्नातक तह), पारामेडिक्स तथा ल्याब टेक्निसियन वा ल्याब असिस्टेण्ट गरी तीनजना सदस्य रहने छन् । उक्त टीमले स्थानीय तहसँग समन्वय गरि कार्य गर्नु पर्नेछ ।

२. स्थानीय तहको स्वरुप अनुसार प्रत्येक गाँउपालिकामा एउटा टीम; नगरपालिकामा २ वटा; उपमहानगरपालिकामा ३ वटा र महानगरपालिकामा ५ वटा टीम गठन गरी परिचालन गरिनेछ । यस संरचना अनुसार ४६० गाँउ पालिकामा प्रत्येकमा एउटा टिमका दरले ४६० वटा टीम; २७६ नगरपालिकामा प्रत्येकमा २ वटा टिमका दरले ५५२ टिम; ११ वटा उपमहानगरपालिकामा प्रत्येकमा ३ वटा टिमका दरले ३३ वटा टीम र ६ वटा महानगरपालिकामा प्रत्येकमा ५ वटाका दरले ३० वटा टीम गरी देश भरीमा जम्मा १०७५ वटा टीम गठन गर्नु पर्नेछ (अनुसूची १)। यसरी गठन भएका टीमहरूको नाम नामेसी, सम्पक नम्बर तथा इमेल ठेगाना समेत  प्रदेशहरूमा गठित Case Investigation and Contact Tracing Team र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको HEOC मा पठाउनु पर्नेछ ।

३. यसरी गठन गरिएका टीमलाइ प्रदेश सरकारको समन्वयमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा तथा राष्ट्रिय तालीम केन्द्रले भर्चुअल विधिबाट तालीम तथा अन्य आवश्यक निर्देशन दिनु पर्नेछ ।

४. आवश्यकता अनुसार तत्काल परिचालन हुन सक्ने गरी टीमहरू तम्तयार अवस्थामा राख्नु पर्नेछ ।

## ३. टीमको प्रमुख कार्य क्षेत्रहरू:

क) केश अनुसन्धान

ख) कन्ट्याक्टमा आएका व्यक्तिहरूको पहिचान

ग) सामान्य परामर्श, फलोअप तथा रेफर

घ) नमुना संकलन वा द्रुत परिक्षण

ङ) सुपरिवेक्षण तथा अनुगमन

च) तथ्यांक संकलन, प्रविष्टि, विश्लेषण तथा विश्लेषणात्मक प्रतिवेदन

छ) संचार, समन्वय र सहकार्य

ज) स्थानीय तहमा संचालित स्वास्थ्य सेवाहरूमा आवश्यक प्राविधिक सहयोग

झ) अन्य सरुवा रोगहरूको प्रकोप व्यवस्थापन

## ४. टीमको मुख्य जिम्मेवारी:

४.१ संकास्पद, सम्भावित तथा पुष्टि भएका बिरामीहरूको निर्दिष्ट केश अनुसन्धान फाराम (Case Investigation Form) भरी विस्तृत जानकारी लिने,

४.२ संकास्पद, सम्भावित तथा पुष्टि भएका बिरामीहरूको सबै कन्ट्याक्टहरूको लाइन लिष्टिङ तयार पार्ने,

४.३ स्थानीय राजनीतिक नेतृत्व, स्वास्थ्यकर्मी, म.स्वा.स्व.से., स्थानीय प्रहरी तथा व्यक्तिहरूको सहयोगमा लाइन लिष्टिङमा रहेका व्यक्तिहरूको पहिचान गर्ने,

४.४ सबै कन्ट्याक्टहरूलाइ सम्भव भए सम्म प्रत्यक्ष भेटेर नभए फोन मार्फत अन्तर्वार्ता लिने र तोकिएको फाराममा सूचनाहरू अद्यावधिक गर्ने,

४.५ सबै कन्ट्याक्टहरूलाई आवश्यक परामर्श दिने,

४.६ सात दिनको अन्तरालमा सबै कन्ट्याक्टहरूको फलोअप गर्ने र सोको जानकारी तोकिएको फाराममा सूचनाहरू अद्यावधिक गर्ने,

४.७ कन्ट्याक्टमा आएका व्यक्तिहरूलाइ स्व-क्यारेन्टाइन बस्न निर्देशन दिनुका साथै पालना गर्नु पर्ने विविध पक्षहरूबारे जानकारी दिने र स्व-क्वारेन्टाइन बस्न निर्देशन दिएका व्यक्ति स्व-क्वारेन्टाइनमा बसे नबसेको अनुगमन गर्ने ।

४.८ केश अनुसन्धान फाराम, कन्ट्याक्ट अन्तर्वार्ता फाराम तथा फलोअप फारामहरूको एक प्रति प्रदेशको सामाजिक विकास मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

४.९ कन्ट्याक्टमा आएका व्यक्तिहरूमा कुनै चिन्ह वा लक्षणहरू देखिएमा तुरून्तै आइशोलेसनमा पठाउने व्यवस्थाका लागि समन्वय गर्ने र प्रयोगशाला परीक्षण सम्बन्धी निर्देशिका बमोजिम आरडीटी वा पिसिआर विधिबाट जाँचको प्रबन्ध मिलाउने,

४.१० स्थानीय तहमा शारिरीक दुरी, संस्थागत क्वारेन्टाइन, संक्रमण रोकथाम तथा नियन्त्रणका विभिन्न रणनीतिहरू कार्यान्यवन गर्न मद्दत पुराउने,

४.११ यस टीमले आवश्यकता अनुसार महिला स्वास्थ्य स्वयं सेवक तथा अन्य सहयोगि संस्थाका प्राविधिकहरू समेत परिचालन गर्न सक्नेछन्,

४.१२ यस टीमले स्थानीय क्षेत्रहरूमा महामारीको द्रुत अध्ययन गरी स्थानीय तहलाई नियमित रूपमा अध्ययनको विश्लेषणात्मक प्रस्तुति गर्नु पर्नेछ । यस कार्यले स्थानीय तहमा हुने जनस्वास्थ्यका गतिविधिलाइ आवश्यक मार्ग निर्देश दिनेछ,

४.१३ यस टीमले स्थानीय तहमा रहेका द्रुत प्रतिकार्य टीमको समन्वयमा कार्य गर्नु पर्नेछ,

४.१४ स्थानीय स्तरमा संचालित कोभिड १९ सँग सम्बन्धित कृयाकलापहरूको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने र सोको जानकारी स्थानीय तहलाई जानकारी गराउने,

४.१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पडताल संचालन कार्यविधि (Standard Operating Procedure for Case Investigation and Contract Tracing of COVID-19) लाइ अनिवार्यरूपमा पालना गर्नु पर्नेछ,

४.१६ यो टीमलाइ कोभिड १९ बाहेकका अन्य सरूवा रोगहरूका प्रकोपहरूमा पनि आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ ।

## ५. प्रदेश सरकारको जिम्मेवारीः

५.१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा उक्त टीमहरूलाइ तालीमको व्यवस्था मिलाउने ।

५.२ टीमहरूलाइ अपुग आवश्यक सामग्रीहरूको स्थानीय तहबाट उपलब्ध हुन नसकेमा अपुग सामग्री (फारामहरू समेत) तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने,

५.३ केश अनुसन्धान फाराम, कन्टयाक्ट अन्तर्वार्ता फाराम तथा फलोअप फारामहरूको सूचना गो.डाटा सफ्टवेयरमा दिनहुँ अध्यावधिक गर्ने,

## ६. स्थानीय तहको जिम्मेवारीः

६.१ उपरोक्त अनुसारका टीमहरू गठन गरी नाम नामेसी, सम्पर्क नम्बर तथा इमेल ठेगाना समेत प्रदेशहरूमा गठित Case Investigation and Contact Tracing Team र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको HEOC मा पठाउनु पर्नेछ,

६.२ यस कार्यका लागि आवश्यक जनशक्ति सम्भव भएसम्म सरकारी सेवामा उपलब्ध जनशक्तिबाट परिचालन गर्ने र अपुग भएमा स्थानीय तहमा सेवारत गैर सरकारी संस्था तथा अन्य निकायहरूबाट परिचालन गर्ने व्यवस्था मिलाउने । यी दुवै विकल्पबाट पनि सम्भव नभएमा करार सेवामा लिइ परिचालन गर्न सकिनेछ।

६.३ आवश्यकता अनुसार व्यक्तिगत सुरक्षाका साधनहरू उपलब्ध गराउने ।

## ७. आर्थिक श्रोतको व्यवस्थाः

७.१ यस टीम परिचालनका लागि लाग्ने सम्पुर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि छुटयाइएको कोष/बजेटबाट मिलाउनु पर्नेछ ।यदि रकम अपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सकिनेछ । निर्देशिका बमोजिमको कामका लागि आवश्यक रकम कोरोना संक्रमण नियन्त्रण, रोकथाम र उपचार कोषबाट व्यहोरिनेछ छ ।

## ८. कार्यान्वयन अवधि र खारेजी

८.१ यो निर्देशिका कोभिड १९ भाइरस संक्रमण रोकथाम नियन्त्रणका लागि संचालन गरिएको अवधि सम्मका लागि मात्र कायम रहनेछ र त्यस पश्चात् स्वतः खारेज हुनेछ।

## अनुसूची १: प्रदेशगत स्थानीय तहमा गठन गर्नु पर्ने CICTT टीमको संख्या

| | स्थानीय तह र टीमको संख्या | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाँउपालिका | | स्थानीय तह | |
| | संख्या | CICTT संख्या | संख्या | CICTT संख्या | संख्या | CICTT संख्या | संख्या | CICTT संख्या | संख्या | CICTT संख्या |
| प्रदेश १ | १ | ५ | २ | ६ | ४६ | ९२ | ८८ | ८८ | १३७ | १९१ |
| प्रदेश २ | १ | ५ | ३ | ९ | ७३ | १४६ | ५९ | ५९ | १३६ | २१९ |
| बाग्मती | ३ | १५ | १ | ३ | ४१ | ८२ | ७४ | ७४ | ११९ | १७४ |
| गण्डकी | १ | ५ | ० | ० | २६ | ५२ | ५८ | ५८ | ८५ | ११५ |
| प्रदेश ५ | ० | ० | ४ | १२ | ३२ | ६४ | ७३ | ७३ | १०९ | १४९ |
| कर्णाली | ० | ० | ० | ० | २५ | ५० | ५४ | ५४ | ७९ | १०४ |
| सुदुरपश्चिम | ० | ० | १ | ३ | ३३ | ६६ | ५४ | ५४ | ८८ | १२३ |
| जम्मा | ६ | ३० | ११ | ३३ | २७६ | ५५२ | ४६० | ४६० | ७५३ | १०७५ |